क.र.का. दर्ता नं. : ११८६७/०६९/०७०

# महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
# Mahuli Laghubitta Bittiya Sanstha Limited

Aganisair Krishanasawaran-6, Mahuli Saptary

Est. 2069

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Ref No. : ३५६७/२०८०/०८१

मिति :- २०८०/१२/०४

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार, काठमाण्डौं

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर

श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड
पुतलिसडक, काठमाण्डौं

श्री सनराईज क्यापिटल लिमिटेड
कमलपोखरी, काठमाण्डौं

**विषय : ११ औं वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८०/१२/०३ गते बेलुका ५.५१ मा सम्पन्न सञ्चालक समितिको १४८ औं बैठकले ११ औं वार्षिक साधारण सभा गर्ने सम्बन्धि निर्णय गरेको हुँदा सो सम्बन्धि विवरण निर्णयानुसार जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

तपसिल

१. वार्षिक साधारण सभा हुने मिति :- २०८० साल चैत्र २६ गते सोमबार
२. समय :- विहान ११ बजे देखी
३. स्थान :- महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय महुली, सप्तरीमा
४. वार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु

क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तसम्मको वासलात, २०७९ श्रावण १ गते देखी २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ( वर्तमान लेखा परीक्षक श्री पि.एल.आर.जि. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस पुन:नियुक्तिका लागी योग्य हुनुहुन्छ)
४. वित्तीय संस्थाको संस्थापक तर्फको रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिबाट भएको मनोनयन अनुमोदन गर्ने ।

कम्पनी सचिव

Contact Address :- Agnisair Krishanaswaran Rural Municipality -6, Mahuli Bazzar Saptari
Phone - 031-411006, 411005, 411007 Fax- 031-411008
email :- info@mslbsl.com.np, mahuli.slbsltd@gmail.com, mahuli_laghu@yahoo.com
Web :- www.mslbsl.com.np

**ख) विशेष प्रस्तावहरु**

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाको संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने तथा सो सम्बन्धमा कार्य गर्न गराउन सम्बन्धीत निकायबाट स्वीकृती लिई पुँजी संरचना परिवर्तन गर्न वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन/परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्भदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

**ग) विविध**

४. साधारण सभा प्रयोजनको लागि शेयर दाखिला खारेज दर्ता बन्द (Book Close) गर्ने सम्बन्धमा।
साधारण सभा प्रयोजनको लागि शेयर दाखिला खारेज दर्ता बन्द (Book Close) गर्ने सम्बन्धि प्रस्ताव उपर छलफलमा ११ औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८० चैत्र १४ गते बुधबारका दिन एक दिन यस वितीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) गर्ने निर्णय गरियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१२/१३ गते सम्म कारोबार भई नियमानुसार शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र ११ औं वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न योग्य रहनेछन् भन्ने समेत सुचना सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारण सबैमा जानकारीको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

भवदीय

सरोज कुमार सिंह
कम्पनी सचिव

कम्पनी सचिव